मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २५ गते सोमबार ❑ 10 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## विविधतामा एकताले राष्ट्रिय अखण्डता बलियो बनाउँछ : राष्ट्रपति

**रासस**
काठमाडौं, २४ साउन

राष्ट्रपति रामचन्द्र पौडेलले नेपालको वर्तमान संविधानले विविधतामा एकतालाई आत्मसात् गर्दै सबै समुदायको हक र हितलाई सुनिश्चित गरेको बताउनुभएको छ।

बत्तिसौँ विश्व आदिवासी दिवसका अवसरमा आदिवासी जनजाति आयोगद्वारा आइतबार यहाँ आयोजित कार्यक्रममा उहाँले हाम्रो देश बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त मुलुक भएको बताउनुभयो । उहाँले परापूर्वकालदेखि बसोबास गर्दै आएका आदिवासी जनजातिहरूको विशिष्ट पहिचान र संस्कृति नै नेपालको राष्ट्रिय गौरव भएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "आदिवासी जनजातिहरू यस धर्तीका धर्तीपुत्रहरू हुन्, जसको जल, जमिन र प्राकृतिक स्रोतसँग अटुट र आध्यात्मिक सम्बन्ध रहेको छ ।" राष्ट्रपति पौडेलले राज्यको नीतिनिर्माण र निर्णायक तहमा आदिवासी जनजातिको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु सरकारको दायित्व भएको भन्दै पछिल्लो तथ्याङ्कअनुसार




स्थानीय तहमा आदिवासी जनजातिको प्रतिनिधित्व उत्साहजनक रूपमा ३६.८ प्रतिशत रहेको स्पष्ट पार्नुभयो । उहाँले बिस्तारै शिक्षामा पहुँच पुऱ्याएर अगाडि बढ्न आजको आवश्यकता भएको आफूलाई लागेको बताउनुभयो । उहाँले नेपाल अन्तरराष्ट्रिय मञ्चमा पनि आदिवासी अधिकारको पक्षमा अग्रपङ्क्तिमा उभिएको उल्लेख गर्दै नेपाल आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्ने अन्तरराष्ट्रिय महासन्धि 'आइएलओ महासन्धि नं. १६९' अनुमोदन गर्ने दक्षिण एसियाकै पहिलो राष्ट्र भएको बताउनुभयो । उहाँले भन्नुभयो, "आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र र जैविक विविधता महासन्धिप्रति हाम्रो पूर्ण प्रतिबद्धता रहेको छ । यी अन्तरराष्ट्रिय दस्तावेजहरूले आदिवासीको अधिकार र सांस्कृतिक स्वायत्ततालाई मान्यता दिएको छ ।" राष्ट्रपति पौडेलले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि नै आदिवासी जनजातिको हक, हितको संरक्षण र संवर्द्धनका लागि संविधानमा 'आदिवासी जनजाति आयोग' को व्यवस्था गरिएको बताउदै भन्नुभयो, "यो संवैधानिक निकायले आदिवासीहरूको गौरवमय इतिहास, भाषा र संस्कृतिको रक्षा गर्दै उनीहरूको सशक्तीकरणमा काम गरिरहेको छ र यसले अझै प्रभावकारी ढङ्गले भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु ।" उहाँले नेपालको दक्षिणी समथर भूभाग, तराई-मधेसको विकास र त्यहाँ रहेका आदिवासी समुदायको न्याय र अधिकारबिना समृद्ध नेपाल सम्भव नभएको उल्लेख गर्दै भन्नुभयो, "विगतमा भएका द्वन्द्व र असन्तुष्टिहरूलाई लोकतान्त्रिक संवाद र संवैधानिक प्रक्रियामार्फत हल गर्दै दिगो शान्ति र सामाजिक सबै समुदायबीचको आपसी सद्भाव र एकताले नै राष्ट्रिय अखण्डतालाई बलियो बनाउँछ । लोकतन्त्रमा मात्रै सबै जात, जाति तथा पिछिडिएको समुदायको हक, अधिकार सुनिश्चित हुन्छ भन्ने हामीले कहिल्यै बिर्सन हुन्न ।" राष्ट्रपति पौडेलले आदिवासी जनजातिमा रहेको परम्परागत ज्ञान, सीप र प्रविधिलाई व्यावसायिक रूपान्तरण गरी उनीहरूको आर्थिक सशक्तीकरण गर्नु आजको आवश्यकता भएको बताउँदै ओपन एयर लिभिङ म्युजियम जस्ता अवधारणाहरूमार्फत आदिवासी संस्कृतिलाई पर्यटनसँग जोडी आर्थिक लाभ लिने नीति हामीले अवलम्बन गर्नुपर्ने बताउनुभयो ।

## पोखरा उद्योग वाणिज्य संघमा अध्यक्षका तीन आकांक्षी, चुनावी सरगर्मी बढ्दो

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

पोखरा उद्योग वाणिज्य संघको ७२ औँ वार्षिक साधारणसभा तथा ३६ औँ महाधिवेशन नजिकिँदै जाँदा नयाँ नेतृत्वका लागि चुनावी सरगर्मी बढेको छ।

आगामी भदौ २० र २१ गते हुने महाधिवेशनमा अध्यक्ष पदका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्य, वाणिज्य उपाध्यक्ष बलराम आचाय र महासचिव शोभा गौतमले उम्मेदवारी घोषणा गर्नु भएको छ । पूर्वअध्यक्षमा पराजित अर्जुन पोखरेल पनि पुनः अध्यक्ष पदमा प्रतिस्पर्धा गर्ने चर्चा छ। तर हाल विदेशमा रहेकाले पोखरा फर्किएपछि चुनावी तयारीमा जुट्ने उहाँ निकट व्यवसायीले बताएका छन्। आकांक्षीबीच सहमतिको प्रयास भइरहे पनि हालसम्म कुनै निष्कर्ष निस्किएको छैन । हालसम्म कसैले कुनै प्यानल समेत बनाउन नसेकेको अबस्था छ।

बुद्धाचार्यले संघको संस्थागत विरासत र आफ्नो लामो अनुभवलाई नेतृत्वको आधार बनाउनु भएको छ। व्यवसायीका समस्या समाधानसँगै शिक्षा, स्वास्थ्य, पर्यटन, कृषि तथा समग्र आर्थिक विकासमा संघको भूमिका थप प्रभावकारी बनाउने उहाँको दाबी छ । वाणिज्य उपाध्यक्ष आचार्यले संघभित्र करिब एक दशकभन्दा लामो समय विभिन्न जिम्मेवारी सम्हालेको अनुभवलाई अध्यक्ष पदको मुख्य आधार बनाउनु भएको हो। व्यवसायीका समस्या प्रत्यक्ष रूपमा सम्बोधन गर्दै पर्यटनसहित पोखराको आर्थिक विकासलाई प्राथमिकता दिने उहाँको योजना छ । संघदेखि व्यवसायी हुदै मतदाताको मत नै बलियो आधार भएको आचार्यको भनाई छ। महासचिव गौतमले भने संघको इतिहासमा पहिलो महिला अध्यक्ष बन्ने लक्ष्यसहित उम्मेदवारी अघि सार्नु भएको हो। महिला नेतृत्व, समावेशिता, संस्थागत क्षमता अभिवृद्धि र व्यवसायीका समस्यालाई प्राथमिकतामा राखेर काम गर्ने उहाँको प्रतिबद्धता छ । व्यवसायीहरुले विश्वास गरे जिम्मेवारी पूरा गर्ने उहाँले दाबी गर्नुभयो ।

यसैबीच वरिष्ठ उपाध्यक्ष, वाणिज्य उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्ष पदमा समेत विभिन्न व्यवसायीको नाम चर्चामा छन् । संघमा हाल २ हजार ७ सय ३१ सदस्य छन्। निर्वाचनलाई व्यवस्थित बनाउन पूर्वअध्यक्ष दामु अधिकारीको संयोजकत्वमा सात सदस्यीय निर्वाचन समिति गठन भइसकेको छ। २०११ सालमा अमृतप्रसाद शेरचनको अध्यक्षतामा संघको पहिलो नेतृत्व चयन भएको थियो ।

## आर्थिक आत्मनिर्भरता वृद्धिसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढे

**पोखरापत्र संवाददाता**
तनहुँ, २४ साउन

जिल्लामा आर्थिक आत्मनिर्भरता, सामाजिक चेतना र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार भएसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढ्दै गएका पाइएको छ।

महिलाहरूमा शिक्षा, रोजगारी र आर्थिक आत्मनिर्भरताका कारण आफ्नो अधिकारका लागि कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको तनहुँ जिल्ला अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्य बताउनुहुन्छ।

सामाजिक चेतना, आर्थिक आत्मनिर्भरता र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार हुनु सम्बन्धविच्छेदको मुख्य कारण भएको उहाँको ठम्म्याइ छ। गत आर्थिक वर्षमा तनहुँ जिल्ला अदालतमा दर्ता भएका दुई हजार ४५६ मुद्दामध्ये सम्बन्धविच्छेदका ९५२ छन् । अदालतले ८१० मुद्दा निरुपण भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा अंशका २८७ मुद्दा दर्ता भएकामा १७९ किनारा लगाइएको छ।

## सोमबार चार कम्पनीका ४ हजार ग्यास सिलिण्डर मात्रै वितरण हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

पोखरा क्षेत्रमा सोमबार चार कम्पनीका करिब ४ हजार एलपी ग्यास सिलिण्डर मात्रै वितरण हुने भएको छ।

भारतबाट आइतबारसम्म नयाँ ग्यास बुलेट नेपाल भित्रिन नसकेपछि शक्ति, गृहलक्ष्मी, साई बाबा र भानु ग्यासका गरी करिब ४ हजार सिलिण्डर बजारमा बिक्रि वितरण हुने भएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताउनुभयो।

आइतबारको तुलनामा सोमबार ग्यासको आपूर्ति करिब आधा घट्ने भएकाले उपभोक्तालाई आवश्यकता अनुसार मात्र ग्यास खरिद गर्न प्रशासनले आग्रह गरेको छ । सोमबार गृहलक्ष्मी ग्यासका करिब २ हजार, शक्ति ग्यासका १ हजार १ सय, साई बाबाका ६ सय



र भानु ग्यासका ३ सय सिलिण्डर बिक्रीका लागि बजारमा पठाइने सहायक प्रजिअ बरालले बताउनुभयो। ती सिलिण्डर मुख्य डिपोमा नभई अधिकृत खुद्रा तथा किराना पसलबाट समेत बिक्री गर्ने व्यवस्था मिलाइएको छ।

उपलब्ध ग्यास सबै उपभोक्तासम्म समान रूपमा पुगोस् र डिपोमा हुने भीड तथा लामो लाइन कम होस् भन्ने उद्देश्यले खुद्रा पसलबाटै वितरणको व्यवस्था गरिएको सहायक प्रजिअ बरालले बताउनुभयो। यसअघि आइतबार पोखरा क्षेत्रमा ८ हजारभन्दा बढी ग्यास सिलिण्डर बिक्री भएको थियो। तर, मागको तुलनामा आपूर्ति कम भएपछि केही दिनयता बजारमा ग्यास अभाव देखिएको छ। उपभोक्ताले नियमित आवश्यकता भन्दा बढी सिलिण्डर खरिद गरेर घरमा मौज्दात राख्ने क्रमले समेत समस्या थपिएको व्यवसायीको भनाइ छ । गृहलक्ष्मी ग्यासका सञ्चालक धर्मराज बर्तौलाले आइतबार साँझसम्म भारतबाट ग्यास बोकेको नयाँ बुलेट नेपाल भित्रिन नसकेको बताउनुभयो । भारतबाट थप ग्यास कहिले र कति परिमाणमा आउने भन्ने विषयमा अझै स्पष्ट जानकारी नरहेको उहाँले बताउनुभयो । प्रशासनले बजारमा उपलब्ध ग्यासलाई व्यवस्थित रूपमा वितरण गर्न व्यवसायीलाई निर्देशन दिँदै उपभोक्तालाई पनि आत्तिएर आवश्यकताभन्दा बढी सिलिण्डर खरिद नगर्न आग्रह गरेको छ।

आपूर्ति नियमित नभएसम्म ग्यासको माग र वितरणबीच सन्तुलन कायम गर्न खुद्रा पसलमार्फत वितरणलाई प्राथमिकता दिइएको प्रशासनले जनाएको छ।

### लामखुट्टेबाट सर्ने रोगबाट बचौं


◆ लामखुट्टेको टोकाईवाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ।

त्यसैले, लामखुट्टेको टोकाईबाट बच्न:

◆ घर वरिपरि पानी जम्न नदिऔं,
◆ घर तथा गोठ वरिपरि सफा सुग्घर राखौ.
◆ गोठ तथा खोर घरभन्दा टाढा बनाऔं,
◆ शरिर ढाक्ने कपडा लगाऔं,
◆ सुत्दा झुल टाँगेर मात्र सुतौं,
◆ झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं।

लामखुट्टेको टोकाईबाट बचौं र बचाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड



# सन्दर्भ सामुदायिक वन दिवस: रातोपैह्रा वनमा २५० बाँसका विरुवा रोपियो

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



सामुदायिक वन दिवसको उपलक्ष्यमा पोखरा १७ स्थित रातोपैह्रा सामुदायिक वन क्षेत्रमा बृक्षारोपण कार्यक्रमको आयोजना गरियो। सो अवसरमा वन क्षेत्रको भिरालो पाखोमा २५० वटा बाँसका विरुवा रोपिएको हो।

पोखरा १७ का वडाअध्यक्ष राधिका शाही योगीले बाँसको विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गर्दै मानव जीवनको हरेक सुख, दुःखमा बाँसको महत्व रहेको बताउनुभयो। पोखरा १७ मा रातोपैह्रा र कालजरुवा दुईवटा सामुदायिक वन समुह रहेको उल्लेख गर्दै उहाँले चितवन जिल्लाबाट एक लाख रुपैयाको लागतमा खरिद गरिएका ५०० बाँसका विरुवा रोप्नका लागि प्रोत्साहन गरिएको जानकारी दिनुभयो। सेतीनदी र फुस्रेखोलाको किनारामा अवस्थित दुवै वन समुहको आयआर्जन र माटो संरक्षणमा बाँसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गर्दै उहाँले रोपिएका विरुवा रोप्नु भन्दा पनि संरक्षण चुनौतीका रुपमा रहेको उल्लेख गर्नुभयो। डिभिजन वन कार्यालय कास्कीका प्रमुख कोमल काफ्लेले वनको संरक्षण गर्नुभनेको वन्यजन्तु तथा समग्र जैविक विविधताको संरक्षण गर्नु भएको बताउनुभयो। विश्वमा जनसंख्या वृद्धिसंगै वातावरणीय सन्तुलनमा परेको प्रभाव न्यूनिकरणमा सामुदायिक वनको भूमिका महत्वपूर्ण भएको वताउँदै उहाँले वनलाई उद्यमसंग जोड्नु पर्ने आवश्यकता औल्याउनुभयो।

स्थानीय तथा मौलीक प्रजातिका विरुवा हुर्काउन सहज हुने विश्वास व्यक्त गर्दै उहाँले समुहले काठ बिक्री तथा वन पैदावारको उपयोग मात्र नभई वातावरण संरक्षणमा अतुलनिय योगदान पुऱ्याउदै आएको बताउनुभयो। सामुदायिक वन उपभोक्ता महासंघ नेपालका केन्द्रिय सदस्य एवम समुहका बरिष्ठ सल्लाहकार हरिप्रसाद बास्तोलाले सिन्दुपाल्चोक जिल्लाको ठोर्कपा सामुदायिक वन समूहबाट शरु भएको सामुदायिक वनको अभियान हाल मुलुकका ७७ वटै जिल्लामा विस्तार भएको जानकारी दिनुभयो। नेपाल सर्वोच्च शिखर सगरमाथा, वुद्ध जन्मभूमीसंग विश्वसामु सामुदायिक वनको देशका रुपमा परिचित भएको उल्लेख गर्दै वन क्षेत्रलाई मुलुकको समृद्धिसंग जोड्नु पर्ने तीनै तहका सरकारको ध्यान जानु पर्ने आवश्यकता औल्याउनुभयो। साढे बाह्र हेक्टर क्षेत्रफलमा फैलिएको रातोपैह्रा सामुदायिक वन क्षेत्रमा विभिन्न समयमा वृक्षारोपण गरिएका चाँप, लप्सी, उत्तीस, रुद्राक्ष,बाँससंगै स्थानीय प्रजातिका बोट विरुवाले हराभरा हुँदै गएको बताउँदैउपभोक्ताले उपयोग भन्दा पनि संरक्षणलाई पहिलो प्राथमिकतामा राखेका वन समूहलाई राज्यकोतर्फवाट आवश्यक सहयोग गर्नुपर्नेमा उहाँको जोड थियो। वन समूहका अध्यक्ष भगवान पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा उपाध्यक्ष विष्णु थापाले स्वागत र सचिव लेस्ली ठुसाजुले सञ्चालन गर्नुभएको थियो। बाँस रोप्ने कार्यक्रममा समुहका पदाधिकारी, उपभोक्ता तथा स्थानीयवासीको उल्लेखनीय सहभागिता रहेको थियो। यसअघि पोखरा १७ को कालजरुवा सजिवन घारी सामुदायिक वन समूहमा २७० वटा बाँसका विरुवा रोप्ने कार्य सम्पन्न भएको समुहका अध्यक्ष बिक्रम भण्डारीले जानकारी दिनुभयो। दुवै सामुदायिक वनमा रोपिएको विरुवा वडा कार्यालय पोखरा १७ ले निशुल्क उपलव्ध गराएको थियो।

# ५५ युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



लायन्स क्लव अफ साझा चौतारीद्धारा आयोजित रक्तदान कार्यक्रममममा ५५ युनिट रगत संकलन भएको छ।

बर्षासंगै पोखरामा रगतको अभाव हुने संकेत देखिएपछि रक्त सञ्चार केन्द्रको प्राविधिक सहयोगमा कार्यक्रमको आयोजना गरिएको हो। लायन्स क्लव रक्तदान विभाग प्रमुख मिन वहादुर लामिछानेले कार्यक्रमको उद्घाटन गर्दै रक्तदान जीवन दान, जीवनदान महादान बाट प्रेरित लायन्स क्लवहरुले रक्तदान कार्यक्रमलाई महत्वपूर्ण योगदान गर्दै आएको बताउनुभयो। पोखरा महानगरपालिका वडा नं. १७ वडाअध्यक्ष राधिका शाही योगीले रक्तदातालाई प्रमाणपत्र वितरण गर्दै रक्तदान जस्तो पुण्य कार्यमा युवा वर्गलाई प्रेरित गर्नुपर्ने आवश्यकता औल्याउनुभयो।

क्लवका अध्यक्ष सिता काप्लेको अध्यक्षतामा भएको कार्यक्रममा सदाशिव हरिहर मन्दिरका अध्यक्ष नरेन्द्र शर्मा भण्डारी, लायन्स दुर्गा कुमारी आचार्य, लक्ष्मी शर्मा लगायतले रक्तदानको महत्व मार्थि प्रकाश पार्नुभएको थियो।

# राष्ट्रिय परोपकार महासंघ पोखरा-१३ मा मूल समितिमा सापकोटा र नारी इकाईमा सिग्देल

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन





राष्ट्रिय परोपकार महासंघ नेपाल, पोखरा-१३ वडा इकाईको साधारण सभा तथा अधिवेशनले पुरुषोत्तम सापकोटाको अध्यक्षतामा मूल कार्यसमिति र शान्तिदेवी सिग्देलको अध्यक्षतामा नारी इकाई समिति सर्वसम्मत चयन गरेको छ।

पोखरा-१३ वडा इकाईका अध्यक्ष शिवप्रसाद बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राष्ट्रिय परोपकार महासंघ नेपालका केन्द्रीय अध्यक्ष भागवत भास्कर कमलनयन गौतमले दीप प्रज्वलन गरी उद्घाटन गर्नुभएको थियो। कार्यक्रममा बोल्दै प्रमुख अतिथि गौतमले पछिल्लो समय आफ्नो धर्म, संस्कृति र संस्कार संरक्षणका लागि सबै एकजुट भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

कार्यक्रममा पोखरा-१३ का वडा अध्यक्ष किरण बराल, मोरपानी टोल विकास संस्थाका अध्यक्ष श्रीराम सिग्देल, संस्थापक अध्यक्ष रमादेवी कार्की तथा नारी इकाई अध्यक्ष मैया सिग्देललगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा राष्ट्रिय परोपकार महासंघ नेपाल कास्कीका जिल्ला अध्यक्ष, नगर अध्यक्ष तथा केन्द्रीय सदस्यलगायतको उपस्थिति थियो। अधिवेशनबाट नयाँ नेतृत्व चयन गर्न लोकबहादुर कार्कीको संयोजकत्वमा माधवप्रसाद आचार्य र मीरा सिग्देल सदस्य रहेको निर्वाचन मण्डल गठन गरिएको थियो। निर्वाचन मण्डलले मूल समिति र नारी इकाई समितिका पदाधिकारी तथा सदस्यहरू सर्वसम्मत चयन गरेको हो। नवनिर्वाचित दुवै समितिका पदाधिकारी तथा सदस्यलाई केन्द्रीय अध्यक्ष गौतमले पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको थियो। नवनिर्वाचित मूल कार्यसमितिको उपाध्यक्षमा रमेशराज पौडेल, सचिवमा कृष्णबहादुर क्षेत्री (कुमार), कोषाध्यक्षमा रबि बराल र सहसचिवमा सन्ध्या सिग्देल चयन हुनुभएको छ। सदस्यहरूमा पं. महेन्द्रप्रसाद गौतम, सूर्यनाथ बराल, निर्मला क्षेत्री, गंगा अधिकारी, प्रतिमा भण्डारी र केशवराज गौतम रहनुभएको छ। नारी इकाई अध्यक्ष पदेन सदस्य रहने व्यवस्था गरिएको छ।

त्यस्तै, नारी इकाई समितिको उपाध्यक्षमा गायत्री सिग्देल, सचिवमा सुमन्त घिमिरे बराल, कोषाध्यक्षमा लक्ष्मी बास्तोला सिग्देल र सहसचिवमा रेखा सिग्देल चयन हुनुभएको छ। सदस्यहरूमा मधुरा सिग्देल, सरिता सुवेदी, यशोदा सिग्देल, पार्वती सिग्देल र सपना सिग्देल चयन हुनुभएको छ।

कार्यक्रमको सञ्चालन वडा इकाईका सचिव रमेशराज पौडेलले गर्नुभएको थियो।

# सहारा एकेडेमीको सहयोगार्थ पोखरामा शनिबार हाइकिङ हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

पोखराको सहारा फुटवल एकेडेमीको सहयोगार्थ पोखरामा हाइकिङ हुने भएको छ। पोखरा महानगरपालिका-९ को कार्यालयको समन्वय तथा सहारा क्लब पोखराको आयोजनामा पोखरामा आउँदो शनिबार स्वास्थ्य, पर्यटन र सामाजिक सेवाको सन्देशसहित सहारा फुटवल एकेडेमीको सहयोगार्थ 'समर हाइकिङ फर च्यारिटी-२०८३' आयोजना हुने भएको क्लवले जनाएको छ।

पोखरा-९ स्थित फल्चाबाट बिहान करिब ७ बजे सुरु भई पर्यटकीय क्षेत्र काहुँडाँडासम्म पुग्ने गरी हाईकिङको यात्रा तय गरिएको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनु भयो। प्रकृतिसँग रमाउँदै शारीरिक व्यायाम गर्ने अवसरसँगै सामाजिक सेवामा सहभागी गराउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको उहाँले जनाउनु भयो। हाइकिङमा सहभागी हुन प्रति व्यक्ति १ हजार ५ सय रुपैयाँ शुल्क निर्धारण गरिएको छ। सहभागीलाई उक्त शुल्कमा टी-सर्ट, खाजा र खाना उपलब्ध गराइने भएको छ।

कार्यक्रमबाट संकलित रकम सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीको सहयोगमा प्रयोग गरिने भएको क्लवले जनाएको छ। सहारा एकेडेमीमा हाल पोखरा-१७ दोबिल्लास्थित एकेडेमीमा विभिन्न १६ जिल्लाका ३० जना बालकहरु आबद्ध भई फुटबल प्रशिक्षण लिइरहनु भएको छ। सामाजिक सेवाको यस अभियानमा पोखरा महानगरपालिका वडा नम्बर ९, तमुधीं यूके, सहारा यूके, एन्फा कास्की लगायतका विभिन्न संघ संस्था तथा व्यक्तिहरुको सहयोग रहेको सहारा क्लबका पूर्वअध्यक्ष विक्रम थकालीले जानकारी दिनुभयो। उक्त अभियानलाई सफल पार्न सहयोग गर्नुहुने प्रति उहाँले अग्रिम रुपमा धन्यवाद दिनु भएको छ।

हालसम्म हाइकिङका लागि करिब १ सय ५० जनाको नाम दर्ता भइसकेको र थप सहभागीलाई समेट्ने तयारी भइरहेको कार्यक्रम संयोजक पूर्णबहादुर गुरुङले बताउनुभयो। आयोजकले करिब ३ सय जनासम्म सहभागी गराउने लक्ष्य राखेको छ। सहारा क्लब पोखराले लामो समयदेखि सामाजिक सेवाका विभिन्न गतिविधिसँगै सहारा फुटबल एकेडेमी तथा आहा रारा पोखरा गोल्डकप सञ्चालन गर्दै आएको छ। क्लबको सामाजिक योगदानलाई थप प्रोत्साहन गर्ने उद्देश्यले महानगरपालिका-९ को सहकार्यमा हाइकिङ आयोजना गर्न लागिएको वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो। "मानव जीवनमा स्वास्थ्य अत्यन्त महत्वपूर्ण विषय हो। कम्तीमा एक दिन भए पनि शारीरिक व्यायाम गरौँ भन्ने सन्देश दिनुका साथै सामाजिक सेवामा योगदान गर्ने उद्देश्यले हाइकिङ आयोजना गर्न लागिएको हो," उहाँले भन्नुभयो। हाइकिङले पोखराका पर्यटकीय तथा प्राकृतिक क्षेत्रको प्रवर्द्धनसँगै स्वस्थ जीवनशैलीप्रति जनचेतना अभिवृद्धि गर्ने र सामाजिक सेवामा नागरिकको सहभागिता बढाउने अपेक्षा गरिएको छ। "आशा, करुणा र उज्ज्वल भविष्यका लागि सँगै हिंडौं भन्ने भावना सहित आयोजना हुन लागेको यस अभियानमा सबै क्षेत्रका नागरिकलाई सहभागी हुन आयोजकले आह्वान गरेको छ। उक्त कार्यक्रम सफल पार्न पोखरा महानगरपालिका वडा नम्बर ९ ले २ लाख, तमु धिँ यूकेबाट २ लाख, अखिल नेपाल फुटवल संघ (एन्फा) कास्कीबाट ५० हजार, सहारा क्लवका मानार्थ सदस्य तथा सहारा यूकेका पूर्व अध्यक्ष एमबीई दिपीलकुमार गुरुङले २५ हजार, सहारा युकेका निर्वतमान अध्यक्ष कृष्णकुमार गुरुङबाट १० हजार, क्लवका आजीवन सदस्य मनोज गुरुङबाट १० हजार सहयोग प्राप्त भएको क्लवले जनाएको छ। तमु धिँ यूकेका अध्यक्ष जुमकाजी गुरुङले सहारा क्लवले कठिनपरि स्थिती र विपन्न बर्गका लागि निस्वार्थ भावले संचालित सहारा एकेडेमीको सहयोगार्थ आयोजना गरिएको हाईकिङ कार्यक्रमलाई सफल पार्न आफुहरुले सानो सहयोग गरेको बताउनु भयो। रोजगारको शिलशिलामा हाल विदेशमा आफुहरु भएता पनि स्वदेश प्रतिको माया र सदभाव सधै रहिरहने उल्लेख गर्दै उहाँले विगतदेखि सामाजिक कार्यमा सहयोग गर्दै आएको उल्लेख गर्दै आगामी दीनमा समेत निरन्तरता दिने जनाउनु भयो। एन्फा कास्कीका अध्यक्ष उज्जवल रन्जितले सहारा क्लवले निरन्तर फुटवल खेल विकासको लागि सहित सामाजिक कार्यमा लाग्दै आएकोले क्लवलको कार्यप्रति प्रोत्साहन गर्न उक्त सहयोग गरेको बताउनु भयो। उक्त कार्यक्रमलाई सफल पार्न खेलकुदकर्मीहरुमा उहाँले आग्रह गर्नुभयो।

# पोउवा संघको सचिवालय अगाडि बन्यो चौतारो, रोपियो नारेश्वर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



पोखरा उद्योग वाणिज्य संघले पोखरा ४,गैह्रापाटनमा रहेको सचिवालय अगाडि बिश्राम गर्ने चौतारी निर्माण गरेको छ।

चौतारीमा आइतबार पोखरा महानगपालिका वडा नम्बर ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले नारेश्वरको विरुवा रोपे। उनले चौतारोको अनावरणसमेत गरे। यसअघि पनि सो ठाउँमा चौतारौ नै रहेको थियो।

तर, चौतारोमा रहेको राजवृक्ष सुकेपछि त्यसको पुनर्निर्माण र नयाँ विरुवा रोपिएको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य गोकर्ण कार्कीले जानकारी दिए। चौतारो निर्माणको अभियानलाई वडा कार्यालय तथा स्थानीय आमा समूहले सघाएको र सवै स्थानीयको सहमतिमा चौतारौ ठडिएको उनले बताए। चौतारीको अनावरण गर्दै पोखरा ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले पोखरा चौतारो नै चौतारोको सहर भएको स्मरणमात्र गरेनन्, वडाले अहिले ५ ठाउँमा यस्तै चौतारी बनाएको जानकारी पनि दिए।

स्थानीय लक्ष्मीदेवी पराजुलीले चौतारी निर्माणले गैह्रापाटनमा एउटा अर्को विश्रामस्थल थपिएको बताइन्। पोखरा उद्योग वाणिज्य संघका वाणिज्यतर्फका उपाध्यक्ष बलराम आचार्यको धन्यवाद रहेको सो कार्यक्रमको संचालन महासचिव शोभा गौतमले गरेकी थिइन्। चौतारीको निर्माण गरेको पोखरा उद्योग वाणिज्य संघले समुदायसँग सहकार्य गर्दै विरुवा हुर्काउने तथा चौतारीको संरक्षण गर्ने भएको छ।

# लायन्स क्लब अफ पोखरा पेन्गुइनद्वारा गुरुकुलका बटुकलाई खाद्यान्न, कपडा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन

लायन्स क्लब अफ पोखरा पेन्गुइनको आयोजनामा पालुङटार नगरपालिका-७, चुँदीघाट, च्याङ्ली, गोरखास्थित ॐकार आयुर्वेद योग गुरुकुलमा अध्ययनरत बटुकहरूलाई खाद्यान्न, कपडा तथा जुत्ता-चप्पल वितरण गरिएको छ।

सामाजिक उत्तरदायित्वअन्तर्गत आयोजित कार्यक्रममा गुरुकुलमा अध्ययनरत बटुकहरूलाई आवश्यक खाद्यान्न सामग्री, कपडा तथा जुत्ता-चप्पल वितरण गर्नुका साथै गुरुकुल परिसरमा वृक्षारोपण कार्यक्रम समेत गरिएको क्लवले जनाएको छ। कार्यक्रममा पालुङटार नगरपालिकाकी उपप्रमुख बन्दना पाण्डेले क्लवले सामाजिक क्षेत्रमा यस्ता कार्यक्रम गाँउ गाँउमा गर्नु प्रशंसनीय भएको बताउनु भयो। अध्यक्ष लायन शुशिल सापकोटाले क्लवले विगतका बर्षदेखि यस्ता सामाजिक कार्य गर्दै आएको बताउनु भयो। भोलिका दिनमा पनि यस्ता अभियान जारी राख्ने उहाँको भनाई थियो। कार्यक्रमले गुरुकुलमा अध्ययनरत बटुकहरूको दैनिक आवश्यकतामा सहयोग पुग्नुका साथै शिक्षा, सेवा र वातावरण संरक्षणप्रति सकारात्मक सन्देश दिएको डिष्ट्रिक्ट ३२५ आई, नेपालका रिजन चेअरपर्सन लायन गोविन्द बहादुर खड्काले बताउनु भयो। कार्यक्रममा उपस्थित भई हौसला प्रदान गर्ने पालुङटार नगरपालिकाकी उपप्रमुख बन्दना पाण्डे तथा सम्पूर्ण लायन्स लिडरहरूप्रति उहाँले धन्यवाद व्यक्त गर्नुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४३११९०६, ९८१३६७७०६

छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्बे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

विगतका कुराहरुले भविष्यको मार्गदर्शन गर्छ ।
– अज्ञात

## सम्पादकीय

# सरकार–जनतालाई उभ्याएको धेरै भयो

एक सातादेखि देशैभर खाना पकाउने एलपी ग्यासको अभाव हुँदा पनि सरकारले जनतालाई लाइनमा उभ्याएको छ। यति लामो समयसम्म ग्यासका लागि लाइनमा उभ्याएर सरकारले जनतालाई सजाय दिएको छ। निर्वाचन अनुभव, क्षमता र इमानदारिता नहेरी मतदान गर्नेलाई सरकारले दिएको सजाय ग्यासको लागि भोगेको सास्ती हो । यस्तो सास्ती मलका लागि किसानले खेप्नुपरेको छापासपोर्ट बनाउन युवाले लामो लाइनको सास्ती खेप्नुपरेको छ। नेपाली उखान "दुख पाइस मंगले, आफ्नै ढंगले" जस्तो अवस्थामा जनता पुगेका छन । त्यसैकारण सर्वसाधारण दैनिक जीवनमा सास्ती खेप्न बाध्य छन ।

वैकल्पिक इन्धनको प्रयोग बढे पनि त्यसले सबैको आवश्यकता पूरा गर्न सकेको छैन । तर, इन्डक्सन चुल्हो वितरणमा सहुलियत दिने र बिजुलीको उपयोगतर्फ सर्वसाधारणलाई आकर्षित गर्नेतिर सरकारको ध्यान छैन। उल्टै ५० युनिटभन्दा बढी बिजुली प्रयोग गरे ५ प्रतिशत कर थोपरेको छ । यता, पानीको बहाव बढेका बेला निजी आयोजनाबाट उत्पादित विद्युत् घटाउन प्राधिकरणले भन्ने गरेको निजी जलविद्युत् कम्पनीहरूको गुनासो छ। यसैगरी प्रसारण लाइन र ट्रान्सफर्मरले विद्युत्को क्षमता नधानेका कारण वर्षायामको समयमा पनि उद्योगमा बिजुली पुग्न सकेको छैन । उत्पादन र प्रणालीगत समस्याका कारण उद्योगले पर्याप्त बिजुली नपाएको गुनासो उद्योगीको छ। 'सरकारले मासिक ५० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने घरपरिवारमाथि पाँच प्रतिशत भ्याट लगाएको छ, । 'एकातिर पेट्रोलियम पदार्थ आयात हुँदा देशलाई क्षति भइरहेको छ भने सरकारले विद्युत्मा कर लिनु उचित देखिएको छैन । यस्तो बेला विद्युत् उत्पादन बढाई पेट्रोलियम पदार्थ आयातलाई प्रतिस्थापन गर्नुपर्ने हो। तर सरकार उल्टो बाटो हिँडिरहेको छाजनताले भोगेको सास्ती नदेखे झैँ गरेर प्रधानमन्त्री बालेन्द्र शाहले केही समय लाग्छ, नआत्तिनोस भनेर स्टाटस लेख्दैमा जनताको चुल्हो बल्दैन। ग्यासको विकल्प नसोचे नेपालको धन पेट्रोलियम पदार्थ खरिदमा खर्च हुन्छ।

आर्थिक वर्ष २०८२/८३ मा करिब ४ खर्ब बराबरको पेट्रोलियम पदार्थ आयात भएको थियो। भन्सार विभागका अनुसार सबैभन्दा बढी डिजेल आयात भइरहेको छ। विभागका अनुसार गत आव १ खर्ब ७२ अर्ब ४२ करोड ८७ लाख २३ हजार रुपैयाँ बराबरको १३ लाख ९३ हजार ३ सय ३४ किलोलिटर डिजेल आयात भएको थियो। डिजेलपछि बढी आयात हुने इन्धनमा पेट्रोल छ। ७७ अर्ब २६ करोड ५० लाख ११ हजार रुपैयाँबराबरको ७ लाख ५१ हजार ६ सय ४२ किलोलिटर पेट्रोल आयात भएको थियो। यस्तै, एक वर्षमा ६० अर्ब २८ करोड ६ लाख २४ हजार रुपैयाँको ५२ करोड ५ लाख २५ हजार १ सय ९२ केजी (करिब ५ लाख २० हजार मेट्रिक टन) एलपी ग्यास आयात भएको छ। त्यति हुँदाहुँदै पनि बजारमा ग्यासको हाहाकार छ। किन भयो भनेर कारण नखोजी पुरानालाई दोष दिनु आफ्नो अयोग्यता हो।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले उच्च उत्पादन हुने बर्खाको समयमा १ देखि २ सय मेगावाटसम्म बिजुली खेर जान सक्ने औंल्याएको छ। बर्खाका बेला उत्पादन बढी हुने, तर बढी उत्पादित बिजुलीको खपत कसरी गर्ने भन्ने रणनीति सरकारसँग नभएको निजी उत्पादकहरूको आरोप छ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले भने बिजुली खेर नगएको दाबी गरेको छ। मन्त्रालयका प्रवक्ता तथा सहसचिव सन्दीपकुमार देवले प्राविधिक कारणले गर्दा कहिलेकाहीं उत्पादन बन्द गर्नु भनेर निजी क्षेत्रलाई आग्रह गरिए पनि कम उत्पादन गर्न निर्देशन नदिएको जिकिर गर्छन् । उत्पादन बढाउन र खेर जान नदिनका लागि सरकारले वातावरण बनाउन सकेन । जनतालाई बिजुली दिन नसक्दा अझै समस्या आउँछ। सरकार एक्लो होइन सबैलाई विश्वासमा लिन नसक्दाको परिणाम हो भन्ने बुझ्न ढिलाइ गर्नु हुदैन।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# फापरखेत पहिरोको विकल्पमा मोटरेबल पुल

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ साउन

म्याग्दीको पश्चिमी क्षेत्रका तीन वटा स्थानीय तहलाई जिल्ला सदरमुकाम बेनीसँग जोड्ने बेनी-दरवाङ सडकको मुख्य चुनौती बनेको फापरखेत पहिरोको विकल्पमा मोटरेबल पुल निर्माण हुने भएको छ।

फापरखेतको पहिरोको विकल्पमा मङ्गला गाउँपालिका-३ पखेर र २ सिमलचौर जोड्ने म्याग्दी नदीमाथि मोटरेबल पुल बनाउन चालु आर्थिक वर्ष २०८३/८४ मा रु दुई करोड बजेट विनियोजन गरेसँगै गण्डकी प्रदेश सरकारले प्रक्रिया थालेको हो । गतवर्ष सङ्घीय सरकारले बेलिब्रिज उपलब्ध गराउने, प्रदेश सरकारले जडान गर्ने र पहुँचमार्ग बनाउने समझदारी जेनजी आन्दोलनपछि उत्पन्न परिस्थितिका कारण कार्यान्वयन नहुँदा प्रदेश सरकारले विनियोजन गरेको रु एक करोड बजेटबाट काम हुन सकेन् ।

सवारीसाधनको अत्यधिक चाप हुने बेनी-दरवाङ सडकमा बेलिब्रिज बनाउँदा जोखिम हुने प्राविधिक प्रतिवेदनको आधारमा प्रदेश सरकारले रु सात करोड ५० लाख बजेटको स्रोत सुनिश्चित गरे पनि ठेक्का आह्वान नभएको जनाउँदै 'डिजाइन एण्ड बिल्ड' विधिबाट पक्की मोटरेबल पुल बनाउने तयारी सुरु गरिएको पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख डा महेन्द्र बानियाँले बताउनुभयो ।

उहाँका अनुसार एउटै कम्पनी वा ठेकेदारले डिजाइन (नक्सा, प्राविधिक विवरण) तयार र निर्माण गर्ने परियोजना कार्यान्वयन गर्ने ठेक्का प्रणालीलाई डिजाइन एण्ड बिल्ड भन्ने गरिन्छ। बेनी नगरपालिका-४ र मङ्गला गाउँपालिका-२ को सिमानामा पर्ने फापरखेतमा सडकमुनि म्याग्दी नदी छ भने माथितिर ठूलो पहिरो पर्दछ।

विसं २०६० अघि मार्ग खुलेको सडक निर्माण भएदेखि हरेक बर्खायाममा वर्षा हुनेबित्तिकै पहिरो खस्ने र २४ किलोमिटर दूरीको बेनी-दरवाङ सडकमा सीधा यातायात सेवा बन्द हुने गरेको छ भने दुर्घटनाको जोखिम बढाएको स्थानीय बताउँछन् ।

माथिबाट पहिरो खसिरहने र साँघुरो उक्त ठाउँको सडकबाट पछिल्लो दुई महिनामा दुई वटा मालवाहक ट्रक म्याग्दी नदीमा खसेर दुर्घटना भएका थिए । मङ्गला, मालिका र धौलागिरि गाउँपालिकालाई बेनी बजारसँग जोड्ने बेनी-दरवाङ सडक बागलुङको तमानखोला गाउँपालिकाका बासिन्दाले पनि प्रयोग गर्छन् । घुमाउने भनेर चिनिने फापरखेत पहिरोले स्थानीयवासीलाई आवतजावत, बिरामीलाई अस्पताल पुऱ्याउन, दूध, तरकारी, फलफूल बजार लैजान, दैनिक उपभोग्य र निर्माण सामग्री ढुवानी गर्न समस्या भएको छ।

साँघुरो सडकमा गुडिरहेका सवार ीसाधनमाथि पहिरो खसेर चोटपटक लाग्ने, सवारीसाधनमा क्षति पुग्ने गरेको छ । जुनसुकै बेला पहिरो खस्ने खतरा भएकाले यात्रा गर्न जोखिम रहेको स्थानीको भनाइ छ । म्याग्दी नदीमा निर्माणाधीन पाँच वटा जलविद्युत् आयोजना र डाँडाखेत राहुघाट सवस्टेसन तथा प्रसारण लाइन, सडक, भवन, खानेपानी, सिँचाइलगायत विकास आयोजनाहरूमा पनि पहिरोका कारण असर परेको छ।

तत्कालीन जिविसले सडकमुनि पक्की पर्खाल निर्माण गरेर म्याग्दी नदीको कटान रोकथाम गरे पनि सडकमाथिको पहिरो नियन्त्रणका लागि भएका प्रयास असफल र लगानी खेर गएको छ । पूर्वाधार विकास कार्यालयले सडकमा खसेको पहिरो पन्छाउने र यातायात सञ्चालनको व्यवस्था मिलाउँदै आएको छ।

# 'ग्यास अभाव हुँदैन, अनावश्यक सिलिण्डर सञ्चय नगरौं'

**रासस**
काठमाडौं, २४ साउन

नेपाल एपली ग्यास उद्योग सङ्घले पछिल्लो समय ग्यासको आयात लगातार वृद्धि भइरहेकाले अनावश्यक सिलिण्डर सञ्चय 'होल्ड' नगर्न उपभोक्तामा आग्रह गरेको छ।

भारतबाट सहजै एलपी ग्यासको आयात हुनुका साथै उद्योगबाट सिलिण्डर 'रिफिलिङ' (भर्ने काम) गरी निरन्तर बजारीकरण भइरहेकाले आवश्यकताभन्दा बढी ग्यास खरिद नगर्न सङ्घले सबैमा आग्रह गरेको हो । "उपभोक्ताले अतिरिक्त ग्यास खरिद नगर्ने हो भने अहिले देखिएको ग्यास अभावको समस्या तत्कालै समाधान हुने देखिन्छ । आगामी दिनमा पनि ग्यास आपूर्तिमा समस्या नहुने भएकाले ग्यासको अभाव देखिने सम्भावना छैन", सङ्घका अध्यक्ष दिवानबहादुर चन्दले आज जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ । नेपाल आयल निगमको पहलमा भारतको विभिन्न शोधनशाला (रिफाइनरी)बाट सहज रूपमा हाल एलपी ग्यासको आयात करिब १५ प्रतिशतले वृद्धि भइरहेको छ। पछिल्लो २२ दिनमा ३९ हजार ७७४ मेट्रिकटन ग्यास आयात भएको निगमले जनाएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
लमजुङ

**एउटै व्यक्ति भएको सूचना**



प्रस्तुत विषयका सम्बन्धमा लमजुङ जिल्ला मर्स्याङ्दी गाउँपालिका वडा नं.०३ निवासी भारतीय भू.पू.सैनिक नं. ५२४५५४९ Y २/३ जि.आर. हवल्दार राम बहादुर गुरुङको एकमात्र श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं.२२३२६/ लमजुङ) मा नामथर दुर्गा कुमारी तमाङ र जन्ममिति २०३२।०६।०४ उल्लेख भएको र श्रीमानको पेन्सन अभिलेखमा निजको नामथर दुर्गा कुमारी गुरुङ र जन्ममिति २०३२।०६।०२ उल्लेख भई नामथर र जन्ममिति फरक परेतापनि उल्लेखित दुवै नामथर र जन्ममिति गरेका व्यक्ति फरक फरक नभई एकै भएको व्यहोरा मर्स्याङ्दी गाउँपालिका, ०३ नं. वडा कार्यालयको च.नं.८६, मिति २०८३/०४/१४ को सिफारिस बमोजिम सोही व्यहोरा निजको भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**

# आर्थिक आत्मनिर्भरता वृद्धिसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढे

**पोखरापत्र संवाददाता**
दमौली, २४ साउन

जिल्लामा आर्थिक आत्मनिर्भरता, सामाजिक चेतना र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार भएसँगै सम्बन्धविच्छेदका मुद्दा पनि बढ्दै गएका पाइएको छ।

महिलाहरूमा शिक्षा, रोजगारी र आर्थिक आत्मनिर्भरताका कारण आफ्नो अधिकारका लागि कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको तनहुँ जिल्ला अदालतका स्रेस्तेदार नन्दप्रसाद आचार्य बताउनुहुन्छ।

सामाजिक चेतना, आर्थिक आत्मनिर्भरता र व्यक्तिगत स्वतन्त्रताप्रतिको बुझाइ विस्तार हुनु सम्बन्धविच्छेदको मुख्य कारण भएको उहाँको ठम्म्याइ छ।

गत आर्थिक वर्षमा तनहुँ जिल्ला अदालतमा दर्ता भएका दुई हजार ४५६ मुद्दामध्ये सम्बन्धविच्छेदका ९५२ छन् । अदालतले ८१० मुद्दा निरुपण भएका छन्। आर्थिक वर्ष २०८२/८३ मा अंशका २८७ मुद्दा दर्ता भएकामा १७९ किनारा लगाइएको छ।

# स्याङ्जामा ग्यासको कृत्रिम अभाव रोक्न छड्के

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २४ साउन



जिल्लाका प्रमुख बजार क्षेत्रमा खाना पकाउने एलपी ग्यासको कृत्रिम अभाव र कालोबजारी रोक्न छड्के अनुगमन थालिएको छ।

जिल्ला प्रशासन कार्यालयले ग्यास डिलर र सप्लायर्समाथि छड्के अनुगमन गरेको हो।

उपभोक्ताबाट बजारमा एलपी ग्यास सहज रूपमा नपाइएको गुनासो आएपछि सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीको नेतृत्वमा संयुक्त अनुगमन टोली परिचालन गरिएको छ। टोलीले दुई दिनदेखि जिल्लाका प्रमुख व्यापारिक केन्द्रमा ग्यासको आपूर्ति, मौज्दात र वितरण गर्ने प्रक्रियामा छड्के अनुगमन गरेको जनाइएको छ । जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, एकीकृत कार्यालय तथा सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित टोलीले पुतलीबजार, वालिङ, भीरकोट, गल्याङ र चापाकोट नगरपालिकास्थित ग्यास डिलर तथा सप्लायर्सको अनुगमन गरेको छ। अनुगमनका क्रममा अधिकांश डिलरमा उद्योगबाट नियमित रूपमा एलपी ग्यास आपूर्ति भएको पाइएको प्रशासनले जनाएको छ । ग्यासको वितरण प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउनुपर्ने आवश्यकता देखिएको अनुगमन टोलीको निष्कर्ष छ। टोलीले डिलर तथा सप्लायर्ससँग ग्यासको मौज्दात, उद्योगबाट भएको आपूर्ति र उपभोक्तासम्म पुऱ्याइएको वितरणसम्बन्धीअभिलेखसमेतचेकजाँच गरेको छ। अनुगमनपछि व्यवसायीलाई ग्यासको आयात, मौज्दात र वितरणको स्पष्ट विवरण राख्न निर्देशन दिइएको छ । बजारमा ग्यासको कृत्रिम अभाव सिर्जनासँगै कालोबजारी गर्ने लगाएतका गतिविधि सह्य नहुने सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए । उद्योगबाट नियमित आपूर्ति हुँदाहुँदै अनावश्यक ग्यास भण्डारण गर्ने, वितरणमा विभेद गरेको वा अभाव देखाउने कार्य गरेको भेटिए प्रचलित कानुनअनुसार कडा कारबाही गरिने उनले चेतावनी दिए।

उपभोक्ताको हित संरक्षण प्रशासनको प्रमुख जिम्मेवारी रहेको उल्लेख गर्दै बजार अनुगमनलाई निरन्तरता दिइने प्रशासनले जनाएको छ । ग्यास वितरणमा समस्या, अनियमितता वा कृत्रिम अभाव सिर्जना गर्ने प्रयास देखिए तत्काल जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउन उपभोक्तासँग आग्रह गरिएको छ।

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय**
लमजुङ

**एउटै व्यक्ति भएको सूचना**



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०३ निवासी भारतीय भू.पू. सैनिक नं. १२५८९३७- १६८ फिडका हवल्दार कुमान सिं गुरुङको पत्नी हरी मायाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. २८२३) मा नामथर हरि माया तमाङ भन्ने हरि माया गुरुङ, जन्म मिति वि.स. २०१८/०१/१० (ई.स. १९६१-०४-२२) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर हरि माया, जन्म मिति वि.स. २०१५/१०/२८ ई.स. १९५९-०२-१० उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको मर्स्याङ्दी गाउँपालिका ०३ नं. वडा कार्यालयको च.नं. ९९ मिति २०८३/०४/१८ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**


**१७ औं वार्षिक साधारणसभा बस्ने सम्बन्धी सूचना**

यस शीतल बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०८३ श्रावण ०७ गते बसेको सञ्चालक समिति बैठकको निर्णय अनुसार **१७ औं** वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा आयोजना गरिएको व्यहोरा सहितको पत्र सम्पूर्ण शेयर सदस्य मानुभावहरुलाई पठाइसकिएको छ यदि पत्र प्राप्त नभएको भए यसै सुचनालाई आधिकारी मानी उक्त कार्यक्रममा शेयर सदस्यज्यूहरु स्वंयम अनिवार्य रुपमा उपस्थिति भइदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**कार्यक्रम विवरण**

**मिति :** २०८३ भाद्र १३ गते शनिवार ।
**समय :** बिहान ८ :०० बजे बाट
**स्थान :** सहयात्री पार्टी प्यालेस पोखरा १७ छोरेपाटन
(बि.एस पेट्रोल पम्फ अगाडी)

लोकेशन

**छलफलका विषयहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्ष, कोषाध्यक्ष, लेखासमितिको आ.व ०८२/०८३ का बार्षिक प्रतिवेदनमाथि प्रस्तुत र पारित ।
२) अध्यक्ष र कोषाध्यक्षबाट चालु आ.व ०८३।०८४ को भावि कार्यक्रम र बजेट प्रस्तुत ।
३) आ.व.२०८२/०८३ को लेखापरिक्षण प्रतिवेदन प्रस्तुत तथा पारीत ।
४) आ.ब २०८३/०८४ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण ।
५) निति तथा कार्यविधी पारित सम्बन्धमा ।
६) साधारण सभाको माइन्युट हस्ताक्षर गर्न सदस्य चयन ।
७) विविध ।

**पुनश्च :** शेयरसदस्य ज्यूहरुका छोरा छोरीहरुमध्ये आ.व २०८२/०८३ मा कक्षा १२ एवम् मास्टर डिग्री, एवम् उपाधि प्राप्त गर्ने शेयर सदस्य र शेयर सदस्यका छोराछोरालाई सम्मान गर्ने तथा ७० बर्ष पुरा भएका १६ औं बार्षिक साधारण सभा सम्ममा सम्मानीत नभएका शेयर सदस्यहरुलाई सम्मान गर्ने कार्यक्रम रहेको हुँदा आ-आफ्ना बाबु नानीहरुको लब्धाङ्क पत्र, १ प्रति फोटो र प्रमाण पत्रको फोटोकपी साथै शेयर सदस्यको नागरीकता १ प्रतिलिपी र फोटो सहित मिति २०८३/०५/०५ गते कार्यालय समय भित्रमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

**मोहनलाल पौडेल**
सचिव

**युवराज लामिछाने**
अध्यक्ष

**शीतल बचत तथा ऋण सहकारी संस्था लि.**
पोखरा-१७, छोरेपाटन
फोन नं.०६१-४५५३२५/४५३३४४ मो. ९८५६०६५३२५
shitalsaving@gmail .com

# पोखरामा सार्वजनिक भयो टीभीएस 'अरबिटर' ईभी

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन




टीभीएस मोटर कम्पनीले नेपालको विद्युतीय दुईपाङ्ग्रे बजारलाई लक्षित गर्दै नयाँ इलेक्ट्रिक स्कुटर टीभीएस अरबिटर ईभी पोखरामा सार्वजनिक गरेको छ।

जगदम्बा मोटर्सको आधिकारिक बिक्री सञ्जालमार्फत सार्वजनिक गरिएको अरबिटरलाई कम्पनीले सहरी यात्राका लागि स्मार्ट, दिगो र सुविधाजनक विद्युतीय मोबिलिटी समाधानका रूपमा प्रस्तुत गरेको छ । कम्पनीका अनुसार अरबिटरमा ३.१ किलोवाट-आवरको ब्याट्री जडान गरिएको छ, जसले १५८ किलोमिटरको आइडीएस रेन्ज प्रदान गर्छ। स्कुटरमा क्रुज कन्ट्रोल, हिल होल्ड असिस्ट, पार्किङ असिस्ट, रिजेनेरेटिभ ब्रेकिङ तथा इको र पावर मोडजस्ता सुविधा उपलब्ध छन्। अरबिटरको प्रमुख विशेषतामध्ये १४ इन्चको फ्रन्ट ह्विल रहेको छ । कम्पनीले यसलाई उद्योगमै पहिलो १४ इन्च फ्रन्ट ह्विल भएको इलेक्ट्रिक स्कुटरका रूपमा प्रस्तुत गरेको छ । ठूलो अगाडिको पांग्राले विभिन्न सडक अवस्थामा स्थिरता, ग्रिप र ह्यान्डलिङ सुधार गर्ने कम्पनीको दाबी छ। त्यस्तै, स्कुटरमा ३४ लिटरको अन्डर-सिट स्टोरेज उपलब्ध छ, जसमा दुईवटा हेल्मेटसमेत राख्न सकिने कम्पनीले जनाएको छ । ८४५ मिलिमिटर लामो फ्ल्याटफर्म सिट र २९० मिलिमिटरको स्ट्रेट-लाइन फुटबोर्डले चालक तथा पछाडि बस्ने यात्रुलाई पर्याप्त आराम र लेगरुम उपलब्ध गराउने बताइएको छ । प्रविधितर्फ अरबिटरमा कनेक्टेड मोबाइल एप, कल तथा एसएमएस अलर्टसहितको कलर एलसीडी डिजिटल क्लस्टर, टर्न-बाइ-टर्न नेभिगेसन र ओटीए अपडेटको सुविधा रहेको छ । मोबाइल एपमार्फत ब्याट्री चार्जको अवस्था तथा ओडोमिटरको विवरणसमेत टाढैबाट जाँच गर्न सकिने कम्पनीले जनाएको छ।

सुरक्षालाई पनि प्राथमिकता दिइएको अरबिटरमा दुर्घटना वा स्कुटर ढलेको अवस्थामा अलर्ट, चोरी तथा टोइङ अलर्ट, जियोफेन्सिङ, टाइमफेन्सिङ र लाइभ लोकेसन ट्र्याकिङजस्ता स्मार्ट सुरक्षा सुविधा समावेश छन् । स्कुटरमा १६९ मिलिमिटरको ग्राउन्ड क्लियरेन्स, एलईडी हेडलाइट, एज-टु-एज कम्बिनेसन ल्याम्प र यूएसबी चार्जिङ पोर्टसमेत उपलब्ध छन् । कार्यक्रममा स्क्वायर मोटर्सका अध्यक्ष आदर्शमान श्रेष्ठले टीभीएस आईक्युबको सफलतापछि अरबिटरले नेपालको विद्युतीय दुईपाङ्ग्रे बजारमा कम्पनीको उपस्थितिलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरे। उनले देशव्यापी बिक्री तथा सेवा सञ्जालमार्फत ग्राहकलाई सहज खरिद तथा स्वामित्व अनुभव प्रदान गर्ने कम्पनीको लक्ष्य रहेको बताए । त्यस्तै, जगदम्बा मोटर्सका नेसनल सेल्स हेड सुशान्त आचार्यले नेपाली ग्राहकको आवश्यकता तथा नेपालको विविध सडक र भौगोलिक अवस्थालाई ध्यानमा राखेर अरबिटरको परीक्षण गरिएको बताए । उनका अनुसार स्कुटरमा आकर्षक डिजाइनसँगै प्रविधि, आराम, उपयोगिता र कार्यसम्पादनलाई प्राथमिकता दिइएको छ।

टीभीएस अरबिटर नेपालमा नियोन सनब्रस्ट, कस्मिक टिटानियम र मार्टिन कपर गरी तीन रंगमा उपलब्ध हुनेछ । कम्पनीले अरबिटरको परिचयात्मक मूल्य २ लाख ८१ हजार ९०० रुपैयाँ निर्धारण गरेको छ। नयाँ मोडलको सार्वजनिकसँगै टीभीएसले नेपालको विद्युतीय दुईपाङ्ग्रे बजारमा आफ्नो उत्पादन पोर्टफोलियो थप विस्तार गरेको छ।

# पोखरा आइटी कप सम्पन्न, नेपटेक पल च्याम्पियन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



पोखरास्थित आइटी क्षेत्रमा कार्यरत कम्पनीहरूबीच आपसी सम्बन्ध, सहकार्य र भाइचाराको भावना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित 'पोखरा आइटी कप फुटसल प्रतियोगिता' सम्पन्न भएको छ।

खै फुटबल क्लब (युवाहरू) बिरौटा र योर्स हेल्पिङ ह्याण्ड्स आइटी सोलुसन, पोखराको संयुक्त आयोजनामा प्रतियोगिता पोखरा रंगशालास्थित कभर्ड हलमा सम्पन्न भएको हो।

प्रतियोगिताको उपाधि नेपटेक पल, जाल्पारोड पोखरा ले जित्न सफल भएको छ । फाइनल प्रतिस्पर्धामा उत्कृष्ट प्रदर्शन गर्दै नेपटेक पल विजेता बनेको हो। यस्तै, असर्फी टेक, पोखराले उपविजेताको उपाधि हासिल गरेको थियो । प्रतियोगिताका विजेता टोलीले नगद रु. १४ हजार सहित ट्रफी तथा प्रमाणपत्र प्राप्त गरेको आयोजकले जनाएको छ। उपविजेता असर्फी टेकले रु. ८ हजार नगद, ट्रफी तथा प्रमाणपत्र हात पारेको थियो। पोखरा क्षेत्रभित्र सूचना प्रविधि (आईटी) क्षेत्रमा क्रियाशील कम्पनीहरूबीच परिचय, समन्वय तथा नेटवर्किङलाई प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको प्रतियोगितामा कुल १४ टोली को सहभागिता रहेको थियो । प्रतियोगितामा वाईएचएच आइटी सोलुसन, यार्सा टेक, एक्सएभी टेक, सेर्पकीड, सात्री, फ्युजन, वाउ फिनस्ट्याक, रेज च्याङ्क, ब्राण्ड बिल्डर्स, नेपटेक पल, दोहोरो, डीभोर्क, स्काई बेस तथा असर्फी टेकलगायतका टोली सहभागी भएका थिए।

प्रतियोगिताको संयोजन योर्स हेल्पिङ ह्याण्ड्स आइटी सोलुसन पोखराका व्यवस्थापक सुदीप भण्डारीले गरेका थिए । खेलकुदमार्फत आईटी क्षेत्रका व्यवसायी तथा कर्मचारीबीच आपसी सम्बन्ध सुदृढ बनाउने, स्वस्थ प्रतिस्पर्धाको वातावरण सिर्जना गर्ने तथा सामाजिक उत्तरदायित्वलाई समेत प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको भण्डारीले बताए । यसैबीच, प्रतियोगिताका आयोजक खै फुटबल क्लब (युवाहरू) बिरौटा र योर्स हेल्पिङ ह्याण्ड्स आइटी सोलुसन पोखराले संयुक्त रूपमा मानव सेवा आश्रम लाई खाद्यान्न तथा नगद सहयोग गर्ने भएका छन् । खेलकुदसँगै सामाजिक सेवामा पनि योगदान पुऱ्याउने उद्देश्यले उक्त सहयोग प्रदान गरिने खै फुटबल क्लबका सुसन रानाले बताए। प्रतियोगिताले पोखराको आईटी समुदायबीच आपसी सहकार्य, मित्रता र सामाजिक उत्तरदायित्वको भावना थप मजबुत बनाएको सहभागीहरूले बताएका छन्।

# बागलुङमा ग्यास वितरण सहज बनाइँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ साउन



बागलुङमा सडकबाट बाँडिदै आइएको ग्यास अब डिलरने नै वितरण गर्ने भएको छ । ग्यास आपूर्ती सहज बनाउन जिल्ला प्रशासनले कडाई गरेको छ । बागलुङमा आइतबार एक हजार ९२२ सिलिन्डर एलपी ग्यास वितरण गरिने ग्यास बिक्रेता संघले जानकारी दिएको छ।

जिल्लामा देखिएको एलपी ग्यास अभावलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय बागलुङको पहलमा आइतबार सरोकारवाला निकायहरूको बैठकले ग्यास सडकबाट नभई बिक्रेताहरुबाटै ग्यास बितरण गर्ने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यका अनुसार बागलुङमा एक हजार १७० सिलिन्डर गृहलक्ष्मी र ७५२ सिलिन्डर शक्ति ग्यास गरी कुल एक हजार ९२२ सिलिन्डर ग्यास वितरणको तयारी गरिएको हो। बैठकले ग्यास आपूर्ति तथा वितरणलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउने निर्णय गरेको छ। बैठकले सदरमुकाम क्षेत्रमा रहेका १८ वटा एलपी ग्यास वितरकमार्फत नियमानुसार ग्यास वितरण गर्ने, वितरणका लागि छुट्टै फाराम तयार गरी प्रत्येक विक्रेताले उपभोक्ताको अभिलेख राख्ने निर्णय गरेको छ । बागलुङमा खाना पकाउने एलपी ग्यासको सहज आपूर्ति तथा वितरणका लागि जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र एलपी ग्यास बिक्रेता सङ्घले विभिन्न व्यवस्था लागू गरेका छन् । ग्यासको सहज वितरणका लागि अब उपभोक्ताले आफ्नो नजिकको आधिकारिक ग्यास विक्रेताबाट मात्र ग्यास लिन र ग्यास आए-नआएको विषयमा पनि आधिकारिक विक्रेतासँग सम्पर्क गरी जानकारी लिन प्रशासनले अनुरोध गरेको छ । बागलुङ बजारमा रहेका १८ वटा आधिकारिक बिक्री केन्द्रबाट उपभोक्ताको अभिलेख राखी ग्यास वितरण गर्ने व्यवस्था मिलाइएको जनाइएको छ।

ग्यास लिन जाँदा नागरिकता वा आफ्नो परिचय खुल्ने अन्य कागजात साथमा लैजानसमेत उपभोक्तालाई आग्रह गरिएको छ। प्रशासनले ग्यासको अनावश्यक सञ्चय नगर्न पनि अनुरोध गरेको छ। ग्यासको अवस्थाबारे अनुगमन गर्न टोली परिचालन गरिएको जनाउँदै अनावश्यक रुपमा ग्यास सञ्चय गरेको पाइएमा कारबाही गरिने चेतावनी दिइएको छ।

यसअघि ग्यास लिएको अभिलेखसमेत विक्रेताले राखेकाले कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले अनावश्यक हल्लाको भरमा जथाभावी लाइन नबस्न प्रशासनले आग्रह गरेको छ। ग्यास विक्रेताले तोकिएको मूल्यभन्दा बढी रकम लिएको पाइएमा नजिकको स्थानीय प्रशासनलाई जानकारी गराउनसमेत अनुरोध गरिएको छ। जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र एलपी ग्यास विक्रेता सङ्घ बागलुङले आपूर्तिको असहज अवस्थामा एक-अर्कालाई सहयोग गर्दै संयमित हुन सर्वसाधारणलाई आग्रह गरेका छन्।

# महेन्द्र मावि, घार्मीको अध्यक्षमा पूर्व विद्यार्थी अधिकारी चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ साउन



पोखरा १९ घार्मीस्थित महेन्द्र माध्यमिक विद्यालयको अध्यक्षमा नारायणप्रसाद अधिकारी चयन भएका छन्।

विद्यालयमा आइतबार सम्पन्न अभिभावक भेलाले विद्यालयका पुर्व विद्यार्थी समेत रहेका अधिकारीको अध्यक्षतामा ७ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरेको हो। समितिको सदस्यमा जमुना पौडेल, शर्मिला सुनार,देउकुमारी खनाल,शिक्षक प्रतिनिधी शरदराज सापकोटा , वडा अध्यक्ष पुष्पेन्द्र पाण्डे र सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक नन्दराज दाहाल चयन भएका हुन् । त्यस्तै भेलाले शिक्षक अभिभावक संघको अध्यक्षमा शोभा पौडेललाई चयन गरेको छ। संघको सदस्यहरुमा गंगाा सुनार, तारा सुनार,रामबहादुर सुनार, टेक बहादुर सुनार, ज्योती पौडेल, शर्मिला सुनार, शिक्षक प्रतिनिधी सुरज अधिकारी, पदेन सदस्यमा नारायण प्रसाद अधिकारी र सदस्य सचिवमा नन्दराज दाहाल रहेका छन्।

भेलामा बोल्दैं पुर्व मन्त्री जगतबहादुर विश्वकर्माले अग्रजहरुको ठुलो मेहनतबाट प्राप्त भएको शिक्षण संस्थालाई थप विकास गर्नुपर्नेमा जोड दिए । उनले अहिले विद्यार्थी संख्या न्युन भएपनि आगामी दिनमा बढ्ने विश्वास व्यक्त गर्दै भएका पुर्वाधारको संरक्षणमा ध्यान दिनुपर्ने बताए। वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले विद्यालयको शैक्षिक तथा भौतिक विकासमा स्थानीय सरकारले निरन्तर सहयोग गरेको बताउँदै, समितिले विद्यार्थीको आर्कषण बढाउने खालका योजना बनाउनुपर्नेमा जोड दिए।पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत जीवन प्रसाद रेग्मीले शिक्षा नियमावलीको दशौं संसोधन अनुसार समिति गठन भएको बताउँदै, शैक्षिक सुधारमा नयाँ समिति थप क्रियाशील हुने विश्वास व्यक्त गरे। व्यवस्थापन समितिका जेष्ठ सदस्य पुष्पेन्द्र पाण्डेको अध्यक्षतामा भएको भेलामा विद्यालयका पुर्व अध्यक्ष शोभामोहन पौडेल, लेखनाथ लामिछाने, बैकुण्ठ पौडेललगायतले विद्यालयको चौतर्फि विकासमा सबैसँग हातेमालो गरेर अगाडी बढ्नुपर्ने बताए। भेलामा स्वागत विद्यालयका प्रधानाध्यापक नन्दराज दाहाल र कार्यक्रम संचालन शिक्षक शरदराज सापकोटाले गरेका थिए।एमाजी कल्चरल फाउण्डेसन जापानको सहयोगमा सो विद्यालय २०४७ सालमा स्थापना भएको थियो।

# अस्पतालको भवन तयार: उपकरण र जनशक्तिको व्यवस्थापनपछि सञ्चालन हुने

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ साउन

लमजुङको मर्स्याङ्दी गाउँपालिका-७ ङादीमा १० शय्याको नवनिर्मित आधारभूत अस्पताल सञ्चालनको तयारी पूरा भएको छ।

भवन निर्माण सम्पन्न भए पनि अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न आवश्यक स्वास्थ्य उपकरण तथा जनशक्ति व्यवस्थापन गर्नुपर्ने अवस्था गाउँपालिकाले जनाएको छ । सरकारको 'एक स्थानीय तह, एक आधारभूत अस्पताल' कार्यक्रमअन्तर्गत निर्माण गरिएको अस्पताल भवन केही साताअघि सम्पन्न भई गाउँपालिकालाई हस्तान्तरण गरिएको हो। आर्थिक वर्ष २०७७/७८ मा काम सुरु भएको भवन रु छ करोड १८ लाख ७९ हजार ४८१ को लागतमा निर्माण गरिएको हो।

दुईतले आरसिसी भवनमा उपचार कक्ष, शौचालय, विद्युत् तथा खानेपानीलगायत आवश्यक भौतिक पूर्वाधार निर्माण गरिएको छ । भवनको जिम्मा पाएको शृत्त ला निर्माण सेवा प्रालि बिदुर नगरपालिका-४ (नुवाकोट)ले निर्माण सम्पन्न गरी गाउँपालिकालाई हस्तान्तरण गरिसकेको छ । अस्पताल सञ्चालनका लागि दुई चिकित्सकसहित २२ जनाको दरबन्दी कायम गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विज्ञान पौडेलले जानकारी दिनुभयो। चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशाला, फार्मेसी तथा प्रशासनतर्फका कर्मचारीको दरबन्दी रहे पनि आवश्यकताअनुसार थप जनशक्ति करार सेवाबाट व्यवस्थापन गरिने उहाँले बताउनुभयो।

अस्पताल सञ्चालनका लागि आवश्यक स्वास्थ्य उपकरण तथा अन्य सामग्री व्यवस्थापन गर्न सङ्घ र प्रदेश सरकारसँग माग गरिएको प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो। आवश्यक उपकरण तथा स्रोतसाधन उपलब्ध भएपछि अस्पताललाई निर्धारित सेवा र क्षमताअनुसार सञ्चालन गर्न सहज हुने गाउँपालिकाको भनाइ छ । गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङले अस्पताल सञ्चालनमा आएपछि स्थानीयवासीले आधार भूत स्वास्थ्य सेवा, आकस्मिक सेवा तथा दन्त उपचार सेवा स्थानीयस्तरबाटै प्राप्त गर्ने बताउनुभयो । जटिल प्रकृतिका बिरामीलाई भने आवश्यकता अनुसार सुविधा सम्पन्न अस्पतालमा पठाइने उहाँले जानकारी दिनुभयो।

गाउँपालिकाले यही साउन अन्त्यसम्म अस्पताल सञ्चालनमा ल्याउने तयारी गरेको छ। हाल वडा नं ७ मा सञ्चालन हुँदै आएको स्वास्थ्य चौकीलाई साउन महिनाभित्रै नयाँ अस्पताल भवनमा स्थानान्तरण गरी सोही भवनबाट स्वास्थ्य सेवा प्रवाह गर्ने तयारी गरिएको गाउँपालिका कार्यालयले जनाएको छ।

दश शय्याको अस्पताल सञ्चालनका लागि भवन, दरबन्दी तथा आधारभूत पूर्वाधार तयार भए पनि आवश्यक उपकरण र स्रोतसाधनको व्यवस्थापन पूरा गर्नुपर्ने भएकाले अस्पताललाई तोकिएको क्षमताअनुसार सञ्चालन गर्न चुनौती रहेको गाउँपालिकाले जनाएको छ । आवश्यक व्यवस्था पूरा भएमा मर्स्याङ्दी गाउँपालिकाका नागरिकले आधारभूत स्वास्थ्य सेवा, आकस्मिक तथा दन्त उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ।

# 'सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका छौँ'

**रासस**
काठमाडौं, २४ साउन

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारलाई जिम्मेवार बनाउने गरी प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गरिरहेका बताउनुभएको छ।

पार्टीको केन्द्रीय कार्यालयमा आजदेखि सुरु भएको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै सभापति थापाले नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी भएकाले सरकारमाथि प्रश्न गर्ने आफूहरुको जिम्मेवारी भएको बताउनुभयो।

"जब राष्ट्रिय मुद्दाहरूमा आउँछौँ, जहाँ सरकारसँग सहकार्य गर्नुपर्ने हुन्छ, त्यो बेलामा सबैभन्दा अगाडि प्रमुख प्रतिपक्षी दल सर्नुपर्छ, सँगसँगै हाम्रो अर्को जिम्मेवारी पनि छ, हामी प्रतिपक्ष हौँ, त्यसैले सरकारमाथि प्रश्न गर्ने हाम्रो जिम्मेवारी हो, तीन दल मिलेर सरकार बनाऔँभन्दा हामीले प्रतिपक्षीविहीन प्रदेश सरकारको अस्वीकार गरेका हौँ", सभापति थापाले भन्नुभयो। सभापति थापाले नेपाली कांग्रेस पार्टीभित्र सम्पन्न भएको विशेष महाधिवेशन पूर्ण रूपमा विधानसम्मत, आवश्यक र औचित्यपूर्ण थियो भन्नुभयो।

"महाधिवेशन सफलतापूर्वक सम्पन्न भएपछि यसले एउटा स्पष्ट निष्कर्ष निकालेको थियो, सोही निष्कर्ष र परिणामलाई लिएर हामी निर्वाचन आयोगमा उपस्थित भयौँ, निर्वाचन आयोगले नेपालको प्रचलित कानुन, निर्वाचनसम्बन्धी नियमहरू र आफ्नै आन्तरिक प्रशासनिक व्यवस्थाअनुसार पार्टीको महाधिवेशनबाट आएको नतिजालाई अध्ययन गऱ्यौँ। आयोगले उक्त परिणामलाई आधिकारिक रूपमा स्वीकार गर्दै बुझ्यो र सोहीअनुसार पार्टीको विवरण अद्यावधिक गऱ्यो । यससँगै निर्वाचन आयोगको प्रक्रिया पूरा भयो", सभापति थापाले भन्नुभयो । सभापति थापाले महाधिवेशनको प्रक्रिया र परिणामलाई लिएर पार्टीका केही साथीहरूले पूर्ण असहमति व्यक्त गर्नुभएको विषय पुनः अदालतमा प्रवेश गरेको भन्दै यसले थप प्रष्ट पार्ने बताउनुभयो । "आयोगको निर्णयमाथि उठेका केही प्रश्नहरूमाथि पुनः एकपटक छलफल होस् भन्ने मनसायका साथ यो विषय पुनः अदालतको प्रक्रियामा पुगेको हो", उहाँले भन्नुभयो। सभापति थापाले १५औँ महाधिवेशनलाई निष्पक्ष बनाउन अग्रजहरूको सम्मान र सबै साथीहरूलाई समान अधिकार दिइनेछ भन्ने जानकारी गराउनुभयो।